# फिदिम राजपत्र

फिदिम नगरपालिकाद्वारा प्रकाशित

खण्डः १०    फिदिम, पाँचथर    २०८२ पौष २३ गते    सङ्ख्याः ३


## भाग-२
## फिदिम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## फिदिम पाँचथरको सूचना

फिदिम नगरपालिका पशुहरूमा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

## फिदिम नगरपालिका पशुहरूमा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावनाः स्थानीय सरकार सञ्चालन ऐन ,२०७४ को दफा ११ को उपदफा (२) को (ण)६ मा भएको पशु नश्ल सुधार पद्धतिको विकास र व्यवस्थापनलाई कार्यान्वयन गर्न फिदिम नगरपालिका भित्रका सबै वडामा पशु पशु नश्ल सुधारलाई व्यवस्थित गर्दै दिगो विकासका लक्ष्यहरू पुरा गर्न कृत्रिम गर्भाधान कार्यको नियमितता मार्फत पशुजन्य उत्पादन र उत्पादकत्व वृद्धि गर्दै कृषकको जीवनस्तर उकास्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले दिएको अभिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायको कार्यविधि बनाई लागु गरेको छ ।

### परिच्छेद—१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम" फिदिम नगरपालिका पशुहरूमा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “ऐन” भन्नाले स्थानीय सरकार सञ्चालन ऐन भन्ने लाई सम्झनु पर्दछ ।

(ख) “ कार्यक्रम” भन्नाले पशुपालन सँग सम्बन्धित सम्पुर्ण कार्यक्रमहरू सम्झनु पर्दछ ।

(ग) “कार्यपालिका” भन्नाले फिदिम नगरपालिका नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) “कार्यपालिका सदस्य” भन्नाले यस फिदिम नगर कार्यपालिकाको सदस्यहरूलाई सम्झनु पर्दछ ।

(ङ) “ कार्यविधि ” फिदिम नगरपालिका पशुहरूमा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन कार्यविधि, २०८२” सम्झनु पर्दछ ।

(च) “कार्यालय” भन्नाले नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र पशु स्वास्थ्य सेवा केन्द्रहरूलाई सम्झनु पर्दछ ।

(छ) “कृत्रिम गर्भाधान/Artificial Insimination” भन्नाले कृत्रिम उपकरण द्वारा कृत्रिम तरीकाले भाले पशुको विर्यबाट पोथी पशुमा गरिने गर्भाधान भन्ने सम्झनु पर्दछ ।

(ज) “कृत्रिम गर्भाधानकर्ता/Artificial Insiminator” भन्नाले तालिम केन्द्रबाट कम्तीमा ७ दिनको कृत्रिम गर्भाधान तालिम लिई प्रमाणपत्र प्राप्त गरेको र कार्यालयसँग आवद्ध व्याक्ति सम्झनु पर्दछ।

(झ) “नगरपालिका" भन्नाले फिदिम नगरपालिका सम्झनु पर्दछ ।

(ञ) “नगर प्रमुख” भन्नाले फिदिम नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ट) “निजि पाराभेट” भन्नाले फिदिम नगरपालिका क्षेत्र भित्र कम्तिमा JTA पास गरी पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषदमा दर्ता भएको वा स्थानीय स्तरमा पशु उपचार गर्ने प्राविधिक भन्ने सम्झनु पर्दछ ।

(ठ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले यस फिदिम नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

(ड) "प्राविधिक" भन्नाले फिदिम नगरपालिका नियुक्ति भएका पशु प्राविधिकहरू वा पशु सेवा क्षेत्रमा कम्तिमा JTA Course उत्तीर्ण गरी पशु सेवा व्यवसायी परिषद्मा दर्ता भएका फिदिम नगरपालिकामा स्थायी रूपमा बसोवास गरिरहेका प्राविधिक सम्झनु पर्दछ ।

(ढ) "शाखा" भन्नाले यस फिदिम नगरपालिकाको पशुपन्छी तथा मत्स्य विकाश शाखा सम्झनु पर्दछ

(ण) "सामग्री" भन्नाले कृत्रिम गर्भाधानका लागि प्रयोग हुने औजार उपकरणहरू मदर कन्टेनर, कन्टेनर, रेफ्री, ए.आई. गन, थइङ किट, थर्मोमिटर, एप्रोन, गम्बुट, सिथ, ग्लोव, भेजाइनल स्पेकुलम, कैंची, फोरसेप, झोला, Liquid Nitrogen समेतलाई सम्झनु पर्दछ ।

(त) "सेवा केन्द्र" भन्नाले यस फिदिम नगरपालिकाद्वारा स्थापना भएका पशु सेवा केन्द्र सम्झनु पर्दछ

## परिच्छेद २
## उद्देश्य र क्षेत्र

**३. कार्यविधिकोको उद्देश्यः** यस कार्यविधिको उद्देश्यहरू देहाय बमोजिम रहेको छन्,

(क) पशुहरूमा सुलभ र पहूँचयोग्य कृत्रिम गर्भाधान सेवामा नगर क्षेत्रका सबै कृषकको पहुँच अभिवृद्धि गर्नु,

(ख) नगरपालिकाको आर्थिक मेरूदण्डको रूपमा रहेको पशुपालन व्यवसाय सञ्चालन गर्ने नगरपालिकाका कृषकलाई उन्नत पशुका जातको बीउ प्रयोगबाट उच्च नश्लका पशुको संख्या वृद्धि गरि उत्पादन तथा उत्पादकत्व बढाँउँदै कृषकको आयस्तर वृद्धि गर्नु,

(ग) पशुपालन व्यवसायमा प्रजनन् विकृतिबाट हुन सक्ने क्षतिलाई कम गरी उत्पादन बढाउनु,

(घ) कृत्रिम गर्भाधानको दरलाई विस्तार गरी दिगो र फराकिलो आर्थक वृद्धिदर हाँसिल गर्दै आर्थिक समृद्धि, रोजगारी, निर्यातमुखी उत्पादन गर्न र दिगो विकासका लक्षयहरू पुरा गर्नु ।

**४. कार्यविधिको कार्यक्षेत्रः (१)** यस कार्यविधिको कार्य क्षेत्र नगर सभाबाट स्वीकृत वार्षिक विकास कार्यक्रमको कृत्रिम गर्भाधान कार्यक्रम, नश्ल सुधार, व्यावसायिक पशुपालन लगायतका कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित हुनेछ ।

## परिच्छेद-३
## वित्तीय र विविध व्यवस्थापन

**५. बजेटको व्यवस्थापनः**(१) कार्यक्रम कार्यान्वयनका लागि नगरपालिकाले वार्षिक बजेटमार्फत आवश्यक बजेट व्यवस्थापन गर्नेछ ।

(२) किसानको माग र आवश्यकताका आधारमा थप बजेट व्यवस्थापन गर्नुपर्ने देखिएमा नगर कार्यपालिकाले सम्बन्धित विषय शीर्षकबाट बजेट व्यवस्थापन गर्न सक्नेछ ।

(३) यस दफाको कार्यान्वयनका लागि संङ्घीय सरकार, प्रदेश सरकार र अन्य कुनै दातृ निकायबाट रकम/ अनुदान प्राप्त भएमा आम्दानी बाँधी खर्च गर्न बाधा पर्ने छैन् ।

**६.जनशक्ति व्यवस्थापनः** (१) नगरपालिकाले कार्यक्रम सञ्चालन तथा कार्यान्वयनका लागि कार्यालयमा मौजुदा जनशक्ति परिचालन गर्ने छ ।

(२) उपदफा (१) बमोजिमको कर्मचारी पर्याप्त नभएमा नगरपालिकाले तपसिलका कुनै माध्यमबाट वैकल्पिक व्यवस्था गर्न सक्नेछ ।

(क) करार सेवामा थप कर्मचारी व्यवस्थापन गरी,

(ख) नगर क्षेत्रमा कृत्रिम गर्भाधानकर्ता तथा निजी पाराभेटहरूको आंशिक सेवा प्राप्त गरी,

(ग) जिल्लास्थित भेटेरीनरी तथा पशुसेवा विज्ञ केन्द्रबाट प्राविधिक तथा जनशक्ति सहयोग माग गरी,

(घ) आवश्यकता र उपयुक्तताका आधारमा अन्य कुनै माध्यमबाट ।

## परिच्छेद ४
## सेवा सञ्चालन सम्बन्धी कार्यविधि

**७. कृत्रिम गर्भाधान सेवाको तयारीः (१)** कृत्रिम गर्भाधान सेवा प्रदान तथा विस्तारका लागि शाखा, सेवा केन्द्र र प्राविधिकले देहाय बमोजिमको पूर्वतयारी गर्नेछन् ।

**(क) शाखामा पूर्वतयारी तथा जिम्मेवारीः** शाखाको जिम्मेवारी तथा गर्नुपर्ने पूर्वतयारी तपसिल अनुसार हुनेछ,

(१) नगरपालिकामा कृत्रिम गर्भाधान सेवा प्रदान गर्नका लागि उपलब्ध सामग्री र जनशक्तिको सूची तयार गरी अद्यावधिक राख्ने,

(२) कृत्रिम गर्भाधान सेवा प्रदान गर्ने शाखा तथा सेवा केन्द्रमा न्यूनतम् रूपमा **अनुसूची १** बमोजिमका सामग्रीको उपलब्धताको सुनिश्चित गर्ने,

(३) सेवा केन्द्र र प्राविधिक कर्मचारी परिचालनबाट वडागत तथ्याङ्क सङ्कलन गरी नगर स्तरीय तथ्याङ्क अद्यावधिक गर्ने,

(४) नगरपालिकाबाट प्रदान गरिएको कृत्रिम गर्भाधान सेवाको **अनुसूची-२** को ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्ने,

(५) सेवा केन्द्र तथा प्राविधिक कर्मचारी मार्फत कृषकहरूलाई देहायको विषयमा सचेतना तथा जानकारी प्रदान गर्ने,

(क) कृत्रिम गर्भाधान सेवा, यसको कार्यान्वयन र प्रभावकारिता सम्बन्धमा

(ख) नगरपालिकाबाट प्रदान गरिने उन्नत नश्लको बीउ, उत्पादन र पशुजन्य लाभ

(ग) दुई वेत बीचको अन्तर र कृत्रिम गर्भाधानको भूमिका

(घ) पशुहरूलाई Heat मा ल्याउने, गर्भाधान, गर्भजाँच लगायत विषय

(ङ) कृत्रिम गर्भाधान प्रविधिका सम्भावना, जोखिम

(च) नगरपालिकाबाट प्रदान गरिएका निशुल्क सेवा सम्बन्धी जानकारी तथा सूचना ।

(६) अघिल्लो र चालू आर्थिक वर्षको वार्षिक तथ्याङ्कका आधारमा आगामी आर्थिक वर्षको लक्ष्य, प्रस्तावित कार्यक्रम र योजना तयार गरी पेस गर्ने

(७) कृत्रिम गर्भाधान सेवा प्रदान गर्ने जनशक्तिको क्षमता विकासका लागि पहल गर्ने,

(८) नगर क्षेत्रमा उपलब्ध कृत्रिम गर्भाधान सेवा प्रदान गर्ने प्राविधिक कर्मचारी, कृत्रिम गर्भाधानकर्ता तथा निजी पाराभेटहरूको समेत सूची तयार गरी प्रकाशन गर्ने ।

**(ख) सेवा केन्द्रहरुको जिम्मेवारी तथा पूर्वतयारीः** सेवा केन्द्रहरूको जिम्मेवारी तथा गर्नुपर्ने पूर्वतयारी तपसिल अनुसार हुनेछ,

(१) वडास्तरका कृषकहरूलाई दफा ७ को उपदफा (१) (क) (५) का विषयमा सचेतना तथा जानकारी प्रदान गर्ने,

(२) नगरपालिकाको सेवा केन्द्रका रूपमा स्थापित भई तोकिएको क्षेत्रमा पशु स्वास्थ्य सेवा प्रदान गर्ने,

(३) कृत्रिम गर्भाधान सेवा सम्बन्धमा मासिक र वार्षिक प्रतिवेदन प्रतिवेदन तयार गरी नगरपालिकामा पेस गर्ने,

(४) किसानलाई सेवा केन्द्र र सेवा क्षेत्रमा उपलब्ध जनशक्तिको सम्पर्क नम्बर सहित सूचित गर्ने ।

**(ग) प्राविधिक /कृत्रिम गर्भाधानकर्ताको जिम्मेवारीः** नगरपालिकामा कार्यरत कृत्रिम गर्भाधान कर्ताको जिम्मेवारी तपसिल अनुसार हुनेछ ।

(१) कृत्रिम गर्भाधान सेवाका लागि आवश्यक सामग्री तथा उपकरण समय समयमा जाँच गरी सक्रिय अवस्थामा राख्ने

(२) पशु सेवा प्रसार तथा विस्तारका लागि उन्नत प्रविधि प्रचार प्रसार गरि कृषकको घरदैलोमा सेवा पुर्याउने,

(३) कृत्रिम गर्भाधान सेवाको वडास्तरीय प्रतिवेदन तयार गरी पेस गर्ने

(४) पशुहरूमा कृत्रिम गर्भाधान सेवा उपलब्ध गराएकोमा **अनुसूची ३** को माग निवेदन ढाँचा भराई अभिलेख सुरक्षित राख्ने,

(५) निशुल्क कृत्रिम गर्भाधान सेवा प्रदान गर्ने,

(६) शाखा तथा कार्यालयले निर्धारण गरेका अन्य कार्य गर्ने ।

(२) उपदफा (१) को प्रयोजनका लागि सेवाकेन्द्र भन्नाले **अनुसूची** ४ मा उल्लिखित सेका केन्द्र र सेवा क्षेत्र जनाउनेछ।कार्यपालिकाले आवश्यकताका आधारमा सेवा केन्द्रको सङ्ख्या र सेवा क्षेत्र परिवर्तन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) को प्रयोजनका लागि नगरपालिकाले दफा ५ बमोजिम आवश्यक बजेट व्यवस्थापन गर्नेछ ।

(३) यस दफाको प्रयोजनका लागि निशुल्क कृत्रिम गर्भाधानकर्ताको विवरण अनुसूची ५ को ढाँचामा राखिनेछ ।

**८. पशुहरूमा कृत्रिम गर्भाधान सेवा प्रदान गर्ने संक्षिप्त कार्यविधिः (१)** शाखा तथा कार्यालयले निशुल्क कृत्रिम गर्भाधान सेवा उपलब्ध हुने बारे सूचना तथा जानकारी उपलब्ध गराउनेछ ।

(२) पशुहरूमा कृत्रिम गर्भाधान गराउन इच्छुक किसानहरूले गर्भाधानकर्ता, प्राविधिक, सेवा केन्द्र वा कार्यालयमा सम्पर्क गरी सेवाको माग गर्न सक्नेछन् ।

(३) कृत्रिम गर्भाधान कर्ताले किसानको घरदैलोमा गई **निशुल्क** कृत्रिम गर्भाधान सेवा उपलब्ध गराउनेछ ।र सो का लागि अनुसूची ३ को माग निवेदन भराउँनेछ ।

(४) कृत्रिम गर्भाधानकर्ता/ सेवा केन्द्रले मासिक तथा वार्षिक प्रतिवेदन तयार गरी पेस गर्नेछ ।

**९. सेवाको अनुगमन तथा मूल्याङ्कनः (१)** निशुल्क कृत्रिम गर्भाधान सेवाको प्रभावकारिता सम्बन्धमा जाँचबुझ गर्न वा विशेष परिस्थितिमा प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको सम्बन्धित विषयमा विज्ञता भएको कर्मचारीको संयोजकत्वमा बढीमा तीन सदस्यीय अनुगमन टोली गठन गरी अनुगमन, मुल्याङ्कन र प्रतिवेदन गर्न सक्नेछ ।

(२) अनुगमनका क्रममा कैफियत देखिएमा नगर कार्यपालिकाले आवश्यक निर्णय तथा कारबाही गर्नेछ ।

**१०. प्राविधिक कर्मचारीलाई सेवा सुविधाः (१)** कृत्रिम गर्भाधान सेवा प्रदान गर्ने कर्मचारीलाई कार्यालयले प्रति कृत्रिम गर्भाधान सेवा वापत् नगर कार्यपालिकाले निर्धारण गरेबमोजिम सेवा भत्ता उपलब्ध गराउनेछ ।

(२) कृत्रिम गर्भाधान सेवा उपलब्ध गराउन आवश्यक सामग्री तथा लजिस्टिक नगरपालिकाले उपलब्ध गराउने छ ।

(३) यस दफाको प्रयोजनका लागि कार्यालयमा उपलब्ध जनशक्तिबाट कृत्रिम गर्भाधान सेवा पुर्याउन कठिन भएमा नगर क्षेत्रका गर्भाधानकर्ता / नगरपालिकाको समन्वयमा निजी पाराभेटबाट निशुल्क कृत्रिम गर्भाधान सेवा उपलब्ध गराइनेछ र गर्भाधानकर्तालाई उपदफा (१) र (२) बमोजिम सेवा सुविधा उपलब्ध गराइनेछ ।

**११. वार्षिक प्रगति प्रतिवेदनः**(१) कार्यक्रमको वार्षिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा शाखाले तयार गरी नगर कार्यपालिका समक्ष पेस गर्नेछ ।र उक्त प्रतिवेदन नगरपालिकाको वेबसाइट मार्फत सार्वजनिक गरिनेछ ।

(२) यसरी तयार पारिएको प्रतिवेदन आवश्यकताका आधारमा संघीय, प्रदेश र अन्य निकायमा समेत पठाउन सकिनेछ ।

## परिच्छेद ५
## विविध

**१२. प्राविधिक कर्मचारी बाध्य नहुनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि तपसिलका अवस्थामा प्राविधिक कर्मचारी कृत्रिम गर्भाधान सेवा दिन बाध्य हुने छैन् ।

(क) पशु Heat अवस्थामा आएको १२ देखि १८ घण्टामा Insemination गरि सक्नुपर्ने भएकोले उक्त अवधि सकिनुभन्दा कम्तीमा ४ घण्टा अगाडि जानकारी नदिई कृत्रिम गर्भाधान असफल हुने सम्भावना अधिकतम् भएमा,

(ख) बिदा वा काजमा रहेको अवधिमा,

(ग) सङ्कट, विपद् वा नगर क्षेत्रमा असामान्य परिस्थिति सिर्जना भएकोमा ।

**१३. संशोधन, खारेजी र बचाउः**(१) यस कार्यविधिमा आवश्यकता अनुशार संसोधन र खारेजी गर्ने सर्वाधिकार कार्यपालिकालाई हुनेछ ।

(२) "कृत्रिम गर्भाधान कार्यविधि, २०७६" खारेज गरिएको छ ।

(३) नगरपालिकाबाट यस अघि पशुहरुमा प्रदान गरिएको कृत्रिम गभाधान सेवा यसै बमोजिम भएको मानिनेछ ।

अनुसूची -१

(दफा ७ को उपदफा (१) (क) (२) सँग सम्बन्धित)

कृत्रिम गर्भाधान सेवाका लागि आवश्यक सामग्रीको विवरण

1.A.I Refree/Container

2.A.I Gun

3.Liquid Nitrogen

4.Semen

5.Nitrogen Container/Mother Container

6.Seeth/Glove

7.Scissors,Forcep

8.A.i Bag

9.Raincoat

10.Gumboot

11.Thawing pot,Thawing kit (water temperature reader)

## अनुसूची -२
### (दफा ७ को उपदफा (१) (क) (४) सँग सम्बन्धित)
### कृत्रिम गर्भाधान सेवाको वार्षिक प्रतिवेदन

(पुनश्चः मासिक प्रतिवेदन र सेवा केन्द्रको प्रतिवेदन समेत यसै ढाँचामा तयार गर्नुपर्नेछ ।)

**कृत्रिम गर्भाधानको प्रगति विवरण**

**कृ.ग गर्ने प्राविधिकको नामः**

**पदः**

| क्र.स | कृषक फर्म को नाम | ठेगाना | वडा नं | पशु | | | | वेत उमेर/वर्ष | सिमेन नं | कृ.ग मिति | सम्पर्क नम्बर | पटक | गर्भ परिक्षण | | रिपिट ए.आई | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | किसिम | जात | रंग | अभिलेख नं | | | | | | मिति | + - | | |
| १ | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | |

अनुसूची -३

कृत्रिम गर्भाधानको  मासिक शाखागत प्रतिवेदनको ढाँचा

**मिति ............साल .......... महिनाको कृत्रिम गर्भाधान कम्पाईल प्रगति विवरण  मितिः............... देखी ..............सम्म**

| क्र.स | कृ.ग कर्ताको नाम | ठेगाना | गत महिना सम्मको | | | | यस महिनाको | | | | हाल सम्मको | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गाई | भैंसि | बाख्रा | जम्मा | गाई | भैंसि | बाख्रा | जम्मा | गाई | भैंसि | बाख्रा | जम्मा |
| १ | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | |
| जम्मा | | | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |

असोज महिनामा जम्मा बाख्रा....., गाई संख्या .....  र भैंसि संख्या ...... गरि जम्मा ...... वटा पशुमा कृ.ग भएको छ।

| | |
|---|---|
| जम्मा गत महिना सम्मको प्रगतिः- | 0 |
| जम्मा यस महिना सम्मको प्रगतिः- | 0 |
| जम्मा  प्रगतिः- | 0 |

..............................		..............................

**तयार गर्ने**		**प्रमाणित  गर्ने**

(दफा ७ को उपदफा (१) (ग) (१) (४) सँग सम्बन्धित)

कृत्रिम गर्भाधान सेवा प्राप्त गर्ने सम्बन्धी माग निवेदन

अनुसूची -४

| कार्यालयको अभिलेख रेकर्ड | कृषकको अभिलेख रेकर्ड |
| --- | --- |
| श्री फिदिम नगरपालिका<br>उल्लेखित पशुलाई कृत्रिम गर्भाधान गरिदिनुहुन निवेदन पेश गर्दछु ।<br>**कृषकको नामः**<br>**ठेगानाः**<br>**सम्पर्क नः**<br>**पशुको**<br>**किसिमः**............जात...................उमेर/वेत.............<br>**कृत्रिम गर्भाधान गरेको मितिः**................................<br>**रिपिट हुनसक्ने मिति**........................................<br>**पशु व्याउने सम्भावित**<br>**मितिः**.........................................<br><br>........................................<br>कृषकको हस्ताक्षर | उल्लेखित पशुलाई कृत्रिम गर्भाधान गरेको बेहोरा अनुरोध छ ।<br>**कृषकको नामः**<br>**ठेगानाः**<br>**सम्पर्क नः**<br>**पशुको**<br>**किसिमः**..................जात...................उमेर/वेत..............<br>**कृत्रिम गर्भाधान गरेको मितिः**...............................<br>**रिपिट हुनसक्ने मिमिः**........................................<br>**पशु व्याउने मितिः**.............................................<br><br>................................<br>प्राविधिकको हस्ताक्षर<br>नाम,<br>पद |

(दफा ७ को उपदफा (२) सँग सम्बन्धित)

पशु सेवा केन्द्र र सेवा क्षेत्र सम्बन्धी विवरण

अनुसूची -५

| क्र.स | कृत्रिम गर्भाधानकर्ताको नाम थर | शाखा / सेवा केन्द्र | पद | सम्पर्क नं | जिम्मेवारी तोकिएको शाखा/ सेवा केन्द्र |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |

(दफा ७ को उपदफा (३) सँग सम्बन्धित)

**नगरपालिकामा उपलब्ध निशुल्क कृत्रिम गर्भाधान कर्ता सम्बन्धी विवरण**

**अनुसूचि-६**

| क्र.स | कृत्रिम गर्भाधानकर्ताको नाम थर | पद | सम्पर्क नं |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |

**आज्ञाले**
**कुमार प्रसाद भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**